REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:0 HRS 14/03/ 2026

1. चौबिसौं मुख्य मन्त्री कम्पाउन्ड आर्चरी स्वर्ण कप प्रतियोगीता गेजिङ जिल्लाको याङथाग निर्वाचन क्षेत्र अन्तर्गत राबदेन्ची परिसरको पेथाङमा आजबाट शुरू भएको छ। गेजिङ आर्चरी संघको आयोजनामा तथा सिक्किम आर्चरी संघको सहकार्यमा सम्पन्न सत्र दिवसीय प्रतियोगीताको उद्घाटन सिक्किम आर्चरी संघका अध्यक्ष तथा जनस्वास्थ्य अभियान्त्रिकी विभागका मन्त्री सोनाम लामाको बाहुलिवाट गरिएको छ।

2. सिक्किमका प्रहरी महानिरीक्षक अक्षय सचदेवा-ले राज्यभरका जिल्ला प्रहरी एकाइहरूलाई एलपीजी सिलिन्डर सम्बन्धी अनियमितता विरुद्ध कडा कारबाही गर्न निर्देशन दिनुभएकोछ । उहाँले एल.पी.जी सिलिन्डरको भण्डारण, सिलिन्डर उपलब्ध नभएको गुनासो, बढी मूल्य लिइने, तथा घरेलु प्रयोगका एलपीजी, होटल र रेस्टुरेन्टमा दिइने जस्ता गतिविधिविरुद्ध तुरुन्त कदम चाल्न आदेश दिएका हुन्। प्रहरी महानिरीक्षक सचदेवाले प्रहरी उपरीक्षक, उप–विभागीय प्रहरी अधिकृत तथा थाना प्रमुखहरूसँग कुरा गर्दै राज्यका विभिन्न स्थानबाट एलपीजी वितरणमा अनियमितता भएको सम्बन्धमा धेरै गुनासोहरू प्राप्त भएको जानकारी दिनुभयो । उहाँले सिक्किममा वास्तवमा एलपीजीको कुनै अभाव नरहेको स्पष्ट पार्दै कृत्रिम अभाव सिर्जना गर्ने प्रयासले सरकारको छविमा नकारात्मक असर पर्न सक्ने चेतावनी पनि दिनुभयो ।

3. सिक्किममा आगामी उन्नाइस देखी बाइस मार्चसम्म गान्तोकमा आयोजना हुन लागेको सिक्किम अन्तर्राष्ट्रिय चलचित्र महोत्सवका लागि छोटो चलचित्र प्रतियोगितामा सहभागी हुन इच्छुक चलचित्रकर्मीहरूलाई अन्तिम आह्वान गरिएको छ।

आयोजक पक्षका अनुसार यस प्रतियोगितामा सिक्किम, उत्तर बङ्गाल, भुटान र नेपालका फिल्म निर्माताहरू सहभागी हुन सक्नेछन्। प्रतियोगितामा सहभागी हुन चाहनेले आफ्नो छोटो चलचित्र सम्बन्धी प्रविष्टि भोलिसम्म पठाउनुपर्ने बताइएको छ।

सम्बन्धित सबै आवेदकहरूलाई आफ्नो प्रविष्टि siff.dipr@sikkim.gov.in मा भोलिसम्म पठाउन अनुरोध गरिएको छ। आयोजकहरूले यो अन्तिम मिति भएकाले इच्छुक चलचित्रकर्मीहरूलाई समयमै आफ्नो प्रविष्टि पठाउन आग्रह गरेका छन्।

4. कञ्चनजङ्घा राज्य विश्वविद्यालय , सिक्किमको चौथो दीक्षान्त समारोह आज चिन्तन भवन, गान्तोकमा शैक्षिक गरिमा र उत्साहका साथ सम्पन्न भयो। समारोहमा सिक्किमका राज्यपाल तथा विश्वविद्यालयका कुलपति ओमप्रकाश माथुरको गरिमामय उपस्थिति रहेको थियो भने शिक्षा तथा संसदीय मामिला मन्त्री राजु बस्नेत मुख्य अतिथिका रूपमा उपस्थित रहेका थिए। राज्यपाल तथा कुलपति माथुरले “विकसित भारत” को दृष्टिकोणसँग शिक्षा र ज्ञानको सामाजिक उपयोगको महत्त्वलाई जोड्दै ज्ञान समाजको विकासमा प्रयोग हुँदा मात्र पूर्ण हुने बताउनुभयो ।

5. सिक्किममा आजदेखि सत्र मार्चसम्म भारी वर्षा र मेघगर्जनसहित चट्याङ पर्ने सम्भावना रहेको मौसम विभागले जनाएको छ। यो अवस्था पश्चिमी विक्षोभ र बङ्गालको खाडीबाट आएको आर्द्र हावा का कारण भएको बताइएको छ। मौसम पूर्वानुमान अनुसार गान्तोक, गेजिङ, नाम्ची, सोरेङ र पाक्योङ जिल्लाका धेरै स्थानमा हल्का देखि मध्यम वर्षा हुने सम्भावना छ। त्यसैगरी मङ्गन जिल्लाको उच्च भेगहरूमा हिमपात हुन सक्ने जनाइएको छ। गान्तोक स्थित मौसम विभागले yellow अलर्ट जारी गर्दै केही स्थानमा भारी वर्षा, चट्याङसहित मेघगर्जन र तिस देखी चालिस किलोमिटर प्रतिघण्टासम्म हावाहुरी चल्न सक्ने चेतावनी दिएको छ।

सम्बन्धित निकायले स्थानीय बासिन्दा र यात्रुहरूलाई सतर्क रहन आग्रह गरेको छ।

6. पूर्व सिक्किमको पाचेमा गरिएको सडक कारपेटिङको कमजोर गुणस्तरप्रति राज्य सरकारले तत्काल चासो देखाएको छ। ग्रामीण विकास विभागका मन्त्री अरुण उप्रेतीले आज स्थलगत निरीक्षण गर्दै कामको वास्तविक अवस्था मूल्याङ्कन गर्नुभयो । मन्त्री उप्रेतीले विधायक पामिन लेप्चा तथा विभागीय अधिकारीहरूसँग समन्वय गरी सडकको अवलोकन गर्दै कार्पेटिङ कार्यबारे विस्तृत जानकारी लिनुभयो। निरीक्षणका क्रममा कार्पेटिङको गुणस्तर कमजोर भएको गुनासो सत्य भए त्यसलाई तत्काल सुधार गर्न सम्बन्धित पक्षलाई कडा निर्देशन दिएका छन्।

उहाँले निर्माण कार्यमा लापरवाही कुनै हालतमा सहन नहुने स्पष्ट पार्दै उत्कृष्ट गुणस्तरको कामलाई प्राथमिकता दिन आग्रह गर्नुभयो। सिक्किम सरकार नागरिकलाई सुरक्षित, सुगम र व्यवस्थित सडक उपलब्ध गराउन प्रतिबद्ध रहेको पनि स्पष्ट पार्नुभयो । मन्त्री उप्रेतीले कमजोर गुणस्तर र गैरजिम्मेवार कार्यलाई सरकारले कुनै हालतमा पनि स्वीकार नगर्ने समेत चेतावनी दिनुभयो ।